# लहान नगरपालिका
**Lahan Municipality**
## नगर कार्यपालिकाको कार्यालय
**office of the Municipal Executive**
लहान, (सिरहा)
**Lahan (Siraha).**
प्रदेश नं.२, नेपाल

प.सं. :-२०७५/०७६
च.नं. :- ८१५८

मिति :- २०७५/०९/२७

विषय :- सुचना प्रकाशन गरि दिने वारे ।

श्री नवसंग्राम राष्ट्रिय दैनिक पत्रिका
श्री समृद्धिपथ राष्ट्रिय दैनिक पत्रिका
लहान,सिरहा ।

उपरोक्त सम्बन्धमा यस कार्यालयकबाट प्रकाशित सूचना यसै पत्रसाथ संलग्न छ । उक्त सूचना मिति २०७५/०९/२८ गते पत्रिकामा रु.२,५००। (दुई हजार पांच सय) मा नबढने गरी प्रकाशित गरि दिनहुन अनुरोध छ ।

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा

**लिलाम विक्री गर्ने सम्बन्धी बोलकबोल बढाबढ सम्वन्धी सार्वजनिक सूचना**

यस नगरपालिकाको मिति २०७५ साल भाद्र ३१ गतेका दिन बसेको नगरकार्यपालिकाको बैठकको निर्णय अनुसार यस न.पा. अन्तर्गत वडा नं. ६ स्थीत आगलागीवाट जीर्ण भएको पुरानो भवन-१ र वडा नं. ७ मा रहेको भानुभक्त वाचनालय भवन-१ समेत जीर्ण भई लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही वोलकवोल गर्न इच्छुक व्यक्ति/संस्थाहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

(क) वडा नं. ६ मा रहेको नगरपालिकाको जीर्ण भएको पुरानो भवनको न्यूनतम मूल्य रु. १०,००१।- (दश हजार एक रुपैया) भन्दा कम कवोल गर्न पाईने छैन ।
(ख) वडा नं. ७ मा रहेको भानुभक्त वाचनालय भवन जीर्ण भएको पुरानो भवनको न्यूनतम मूल्य रु. १,००,००१।- (एक लाख एक रुपैया) भन्दा कम कवोल गर्न पाईने छैन ।
(ग) वोलकवोल (डांक वढावढ) गर्ने व्यक्ति वा संस्थाले डांक बोल्नु अघि नै कवोल अंकको पांच प्रतिशतले हुन आउने रकम नगद धरौटी दाखिला गरी वोलकवोल गर्नु पर्नेछ ।
(घ) वोलकवोल गरेको रकम स्वीकृत भएमा १५ (पन्द्र) दिन भित्र भत्काई लानु पर्नेछ । अन्था वोलकवोल गर्दा राखेको रकम जफत गरि अन्य व्यवस्था गरिनेछ ।
(ङ) लिलाम बढाबढ हुने स्थान :- लहान नगरपालिका कार्यालयको कम्पाउण्ड भित्र हुने छ ।
(च) लिलाम वढावढ हुने मिति २०७५/१०/०४ गते दिनको ३:०० वेज देखि ४:०० वजे सम्म हुनेछ ।
(छ) अन्य कुनै कुरा वुझ्नु परेमा कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क राखि वुझ्न सकिनेछ ।

**वोधार्थ :-**
श्री ६ नं. वडा कार्यालय, लहान :- जानकारी निमित ।
श्री ७ नं. वडा कार्यालय, लहान :- „
श्री सूचना तथा प्रविधि शाखा :- वेवसाईटमा राखि दिन हुन ।

.................................
(मायानाथ आचार्य)
लेखा अधिकृत

Scanned by CamScanner